नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, असोज १ गते २०३६ साल

श्री ५ को सरकार

स्वास्थ्य मन्त्रालयको

सूचना

नेपाल स्वास्थ्य सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०३३ को नियम ३ को उप-नियम (३) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही नियमावलीको अनुसूची १ को क्रमसंख्या २३ पछि क्रमसंख्या २४ राखी "हेल्थ इन्स्पेक्शन" समूहलाई समावेश गरेको छ ।

आज्ञाले–
तीर्थराज तुलाधर
श्री ५ को सरकारको सचिव

२६२

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

स्वास्थ्य मन्त्रालयको

सूचना

नेपाल स्वास्थ्य सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०३३ को नियम ५ को उप-नियम (६) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही नियमावलीको अनुसूची २ मा देहायबमोजिम क्रमसंख्या २४ थप गरेको छ :–

क्र.सं.	समूह	आवश्यक न्यूनतम शैक्षिक योग्यता	कैफियत
२४.	हेल्थ इन्स्पेक्शन	जनस्वास्थ्यमा डिप्लोमा वा स्नातकोत्तर उपाधि वा स्नातकोपाधि प्राप्त गरी सम्बन्धित विषयमा कम्तिमा ५ महीनाको तालीम वा सोसरह ।	

आज्ञाले–
तीर्थराज तुलाधर
श्री ५ को सरकारको सचिव

२६४

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।